**"मानव अधिकार र लैङ्गिक न्यायका लागि समानता, अविभेद र सशक्तिकरण"**

**"Equality, Non-Discrimination & Empowerment for Human Rights and Gender Justice"**

# २८ औं कानून व्यवसायी महिला राष्ट्रिय सम्मेलनद्वारा पारित धरान घोषणा-पत्र २०७६

नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै उठाउँदै आएको लैङ्गिक न्यायसहितको मानव अधिकार, कानूनको शासन, स्वच्छ, निष्पक्ष तथा स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यताप्रति प्रतिवद्ध हुँदै र लैङ्गिक समानता र लैङ्गिक न्यायका लागि नेपालले जाहेर गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई आत्मसात गर्दै;

नेपालको संविधानको प्रस्तावनाको मर्म र भावना बमोजिम प्रत्यभूत गरिएका विशेष गरी धारा १८, ३८ तथा ४२ का व्यवस्थाहरु क्रमशः समानताको हक अन्तर्गतका लैङ्गिक समानता, सशक्तिकरण र विकास, महिलाको हक तथा समानुपातिक एवम् समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा महिलाको सहभागीता गराउन तथा मौलिक हकको कार्यान्वयनका लागि बनेका ऐनहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक मापदण्ड अनुरुप प्रभावकारी संयन्त्रको निर्माण हुनु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै;

संविधानले प्रत्याभूत गरेका हक अधिकारहरुलाई वास्तविक रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता भएकोले ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सुन्दर नगरी धरानमा ***२०७६ साल भाद्र २० र २१*** गते सम्पन्न कानून व्यवसायी महिलाहरुको २८ औं राष्ट्रिय सम्मेलनले यो २१ बुँदे ***धरान घोषणा-पत्र २०७६*** जारी गरिएको छ ।

## क) संविधान र देवानी संहिता सम्बन्धमा

१. नेपालको संविधानमा भएका मौलिक हक कार्यान्वयनको सन्दर्भमा बनेका कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि लगायतका आवश्यक संरचना तथा अनुगमन संयन्त्र निर्माण गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धिका प्रावधान र पटक-पटक सम्बन्धित समितिहरुले दिएका सुझावहरुको कार्यान्वयनका लागि नागरिकतामा लैङ्गिक विभेद विना महिला र पुरुषले आफ्ना सन्तानलाई वंशजको आधारमा समान रूपमा नागरिकता प्रदान गर्ने व्यवस्था, नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा व्यवस्था गर्न तथा सोही बमोजिम नियमावलीमा समेत संशोधन गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

३. नेपालको संविधानको धारा ११ (६) मा भएको बैवाहिक नागरिकता सम्बन्धी व्यवस्थालाई समानताको सिद्धान्त अनुकुल संशोधन गरी वैवाहिक सम्बन्धको आधारमा अंगीकृत नागरिकता प्रदान गर्दा महिला पुरूष दुवैलाई समानता हुने गरी वैवाहिक सम्बन्ध कायम भएको समयबाट कम्तीमा ७ वर्ष नेपालमा बसोवास गरेपछिमात्र वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्ने व्यवस्था गर्न तथा सो अवधि नपुगेसम्म नेपाली नागरिकसँग विवाह गर्ने विदेशीलाई आवासीय परिचयपत्र दिने व्यवस्था गर्न यो सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

४. आमाको नामबाट नागरिकता पाउने स्पष्ट संवैधानिक एवम् कानूनी व्यवस्था विपरित नेपाल सरकारबाट विभिन्न समयमा जारी भएका नीति, निर्देशन तथा परिपत्रहरु तत्काल खारेज गरी आमाको नामबाट निर्वाध रूपमा नागरिकता प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्न आवश्यक निर्देशिका, परिपत्र जारी गर्न यो सम्मेलन सम्बन्धित निकायहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

५. सुरक्षित मातृत्व सम्बन्धी ऐनमा भएका परिभाषा लगायतका महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई कुण्ठित गर्ने व्यवस्थाहरुलाई अन्तर्राष्ट्रिय महिला मानव अधिकारको मापदण्ड अनुसार संशोधन गर्न यो सम्मेलन माग गर्दछ । साथै ऐनको कार्यान्वयनको लागि आवश्यक नियमावली, कार्यविधि लगायतका संयन्त्र अविलम्व निर्माण गर्न समेत यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।

६. मौलिक हक कार्यान्वयन सम्बन्धमा जारी भएका कानूनहरुको प्रभावकारी कार्यान्वयन तथा जारी हुन बाँकी भएका कानूनहरु तत्काल जारी गर्न र मौलिक हक अन्तर्गत सुनिश्चित गरिएका खाद्य सम्बन्धी हक लगायत विभिन्न हकहरुको सुनिश्चितता गर्दै, आम नागरिकको जीवन र जन स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खाद्य बस्तुमा हानीकारक, रसायनीक पदार्थ वा अखाद्य पदार्थ बिक्री वितरण पैठारी समेतका कार्यलाई निषेध गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै यो व्यवस्था

विपरित काम गर्नेलाई कानूनी दायरामा ल्याई कारवाही गर्ने संयन्त्र निर्माण गर्न समेत यो सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

## ख) न्यायमा पहुँच र पेशागत हक हित

७. एकीकृत कानूनी सहायता नीतिको सम्बन्धमा संघीय, प्रादेशिक र स्थानीय सरकारको संरचना अनुरुप निःशुल्क कानूनी सेवा प्रदान गर्नका लागि नीति निर्माण गर्न, आवश्यक परिमार्जन गर्न र तीन तहका सरकारका विच समन्वय तथा सहकार्य स्थापनाका लागि समेत आवश्यक संयन्त्र निर्माण गर्न यो सम्मेलन सम्बन्धित निकाय समक्ष जोडदार माग गर्दछ ।

८. निःशुल्क कानूनी सहायता सेवा प्रदायक निकाय वा संस्था, स्वेच्छिक कानूनी सेवा प्रदायक (प्रो-वोनो) तथा वैतनिक कानूनी सहायता प्रदायक विच समन्वय र सहकार्यको लागि प्रभावकारी संरचना निर्माण गर्न यो सम्मेलन माग गर्दछ ।

९. नेपाल बारबाट पारित स्वेच्छिक कानूनी सहायता सम्बन्धी निर्देशिकाको प्रभावकारी कार्यान्वयनकोलागि आम नागरिकलाई सूसुचित गर्ने तथा सेवा प्रदायकहरुको सेवाको प्रभावकारीताकोलागि अनुगमन संयन्त्र निर्माण गर्नुका साथै स्वेच्छिक कानूनी सहायता सम्बन्धी संयन्त्र, संरचना निर्माण गर्दा लैङ्गिक संवेदनशिलतालाई विशेष ध्यान दिन यो सम्मेलन नेपाल बार एशोसिएशनको ध्यानाकर्षण गर्दछ ।

१०. उच्च अदालत र सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा कानून व्यवसायी महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित हुने गरी नियुक्ति गर्न यो सम्मेलन न्याय परिषद्को गम्भीर ध्यानाकर्षण गराउँदछ ।

११. विभिन्न सार्वजनिक निकायहरुमा गरिने नियुक्ति तथा मनोनयनमा समावेशी, समानुपातिक सिद्धान्तको आधारमा महिलाको सहभागिता सुनिश्चितताको लागि पहल गर्न तथा नेपाल बार एशोसिएशनका सम्पूर्ण एकाइ अन्तर्गतका महिला समितिहरुको क्रियाशिलता बढाउन नेपाल बार एशोसिएशनले विषेश पहल गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१२. कानून व्यवसायी महिलाहरुको हालसम्म सम्पन्न राष्ट्रिय सम्मेलनबाट पारित घोषणा पत्रहरुको कार्यान्वयनको अवस्थाको अध्ययन तथा अनुसन्धान गरी कार्यान्वयनको अवस्थाको विवरण आगामी कानून व्यवसायी महिलाको राष्ट्रिय सम्मेलनमा अनिवार्य रूपमा पेश गर्ने गरी कानून व्यवसायी महिलाहरुको विशेष समिति गठन गर्न नेपाल बार एशोसिशनसँग यो सम्मेलन पुनः माग गर्दछ ।

१३. नवोदित कानून व्यवसायी महिलाहरुको शिप, दक्षता र क्षमता अभिवृद्धि एवम् सुदृढीकरणकोलागि तालिमहरु सञ्चालन गर्नुका साथै उनीहरुलाई पेशामा स्थापित हुनका लागि अग्रज कानून व्यवसायीहरुको ल फर्ममा सहज पहुँचको व्यवस्थाको लागि समन्वयकारी भूमीका निर्वाह गर्नु भन्ने बार एशोसिएशनसँगको मागलाई निरन्तरता दिँदै पेशामा रहेका कानून व्यवसायी महिलाहरुको लागि पनि समय सापेक्ष विषयहरुमा पुनर्ताजगीका अवसरहरुको सुनिश्चितता गर्न नेपाल बार एशोसिएशनसँग यो सम्मेलन जोडदार माग गर्दछ ।

१४. स्थानीय तह र न्यायिक समितिको कानूनी सल्लाहकारको रूपमा कानून व्यवसायी महिलाको अनिवार्य सहभागिता सुनिश्चित गर्नुपर्ने कानून व्यवसायी महिला सम्मेलनको विगतका घोषणा कार्यान्वयन नभएको र न्यायिक समितिको काम कारवाही प्रभावकारी गराउनकोलागि स्थानीय तथा प्रादेशिक तहहरुमा कानून व्यवसायी महिलाहरुको अनिवार्य सहभागिता सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउनकोलागि अविलम्व पहल गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनमार्फत नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

## ग) महिला विरुद्धको हिंसा

१५. बलात्कार लगायतका महिला तथा बालबालिका विरुद्धका जघन्य अपराधका घटनाहरुको संख्यामा दिनानुदिन वृद्धि भईरहेको परिप्रेक्ष्यमा यस्ता घटनाहरुको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक कानून एवम् संयन्त्रहरुको निर्माण तथा प्रभावकारी कार्यान्वनयकोलागि यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

## घ) न्यायिक समिति र निर्वाचनमा महिला सहभागिता

१६. न्यायिक समितिको क्षेत्राधिकारमा अझै अन्यौलता रहेको हुँदा न्यायिक समितिको क्षमता अभिवृद्धि तथा कानूनसँग सम्बन्धित तालिम सञ्चालन गर्दा स्थानीय बारसँग अनिवार्य रूपमा समन्वय तथा सहकार्य गर्न यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै न्यायिक समितिको कामको बारेमा आम नागरिकलाई सूसुचित गर्न स्थानीय बारमार्फत जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

१७. न्यायिक समितिबाट हेरिने मुद्दाहरुमा कानूनी सहयोग र सहायताको लागि स्थानीय बार एकाइहरुको माध्यमबाट न्यायिक समितिलाई सक्षम बनाउने अभियानमा विषेश भूमिका खेल्न यो सम्मेलन नेपाल बार एशोसिएशनसँग माग गर्दछ ।

१८. संघीय सरकारले न्यायिक समितिको काम कारवाही सम्बन्धमा जारी गरेको नमुना कानूनलाई स्थानीय आवश्यकता अनुसार परिमार्जन गरी लागू गर्न नेपाल बार एशोसिएशनले स्थानीय एकाइमार्फत समन्वय गर्न, गराउन यो सम्मेलन नेपाल सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछ ।

१९. न्यायिक समितीको विज्ञ समूह तथा कानूनी सल्लाहकार नियुक्तिमा स्थानीय बारको सहयोगमा उपलब्धताको आधारमा कानून व्यवसायी महिलाको अनिवार्य नियुक्ति तथा मनोनयन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

२०. न्यायिक समितिले प्रयोग गर्ने न्यायिक अधिकार हारजीतको फैसला गर्नुभन्दा मेलमिलाप पद्दतिद्वारा नै विवाद समाधान गर्ने विषयमा जोड दिन यो सम्मेलन न्यायिक समितिहरुको ध्यानाकर्षण गराउँदछ ।

## *ङ) विविध*

२१. संक्रमणकालीन न्याय संयन्त्र विगत चैतमा विघटन भई हालसम्म गठन नभएको परिप्रेक्ष्यमा आयोग गठन गर्दा निष्पक्ष र पारदर्शी प्रक्रिया अवलम्वन गरी यस सम्बन्धमा पीडित लगायतका सरोकारवालाहरुले उठाएका विभिन्न विषयहरुलाई समेत सम्वोधन गर्दै आयोगमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरी यथाशक्य चाँडो विश्वसनीय आयोग गठन गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ । साथै पीडितको सत्य, न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न आयोगका कामकारवाहीमा लैङ्गिक मैत्री तथा लैङ्गिक संवेदनशिलता खास गरी द्वन्द्व पीडित महिलाका विशेष अधिकार र आवश्यकतालाई यथोचित सम्वोधन गर्न यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

## घोषणा-पत्र मस्यौदा समिति

संयोजक :- वरिष्ठ अधिवक्ता डा. शुष्मा बाँस्कोटा
सह संयोजक :- वरिष्ठ अधिवक्ता श्री उषा मल्ल पाठक
सह संयोजक :- वरिष्ठ अधिवक्ता श्री सुजन लोप्चन

सदस्यहरु :-
अधिवक्ता श्री पुर्णिमा गुरागाई (प्र.प.सं. ३१५८)
अधिवक्ता श्री सिमा धामी (प्र.प.सं ५९३७)
अधिवक्ता श्री विष्णुमाया भुसाल(प्र.प.सं. ६१८३)
अधिवक्ता श्री अनिता मर्हजन (प्र.प.सं. ७०१९)
अधिवक्ता श्री मीना गीरी (प्र.प.सं. ७०६८)
अधिवक्ता श्री पुष्पालक्ष्मी श्रेष्ठ (प्र.प.सं. ७५३० )
अधिवक्ता श्री पुनम सिंह चन्द (प्र.प.सं. ७५८५)
अधिवक्ता श्री कमला ओली (प्र.प.सं.७६६६)
अधिवक्ता श्री लक्ष्मी पोखरेल (प्र.प.सं. ८३४२)
अधिवक्ता श्री गोमा न्यौपाने (प्र.प.सं. ८७९४)
अधिवक्ता श्री लिला सुब्बा (ह्वाङस्रोङ) (प्र.प.सं. ९८३६)
अधिवक्ता श्री सानुमैया मर्हजन (प्र.प.सं. १०१३४)
अधिवक्ता श्री रेखा झा (प्र.प.सं. १०७८३)
अधिवक्ता श्री रेणु प्रधान श्रेष्ठ (प्र.प.सं. ११२२४)
अधिवक्ता श्री पार्वती चौधरी (प्र.प.सं. ११६६३)
अधिवक्ता श्री भगवती पहारी (प्र.प.सं. ११८५१)
अधिवक्ता श्री विमला ज्ञवाली (प्र.प.सं. १२९४५)

सम्बत् २०७६ भदौ २१ गते, शनिबार, धरान, सुनसरी ।